# नेपालगञ्ज उप–महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
नेपालगञ्ज बाँके लुम्बिनी प्रदेश, नेपाल

## सेवा करारमा पदपूर्ति सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९।०४।१३**

नेपाल सरकार र स्वीस सरकार बीच भएको द्विपक्षीय सम्झौता बमोजिम श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्थानीय सरकारको नेतृत्वमा सञ्चालित सुरक्षित आप्रवासन (सामि) कार्यक्रम अन्तर्गत् बाँके जिल्लामा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी आप्रवासी स्रोत केन्द्र सञ्चालन गर्न तथा नेपालगञ्ज उप-महानगरपालिकामा वैदेशिक रोजगार सम्वन्धी सूचना तथा परामर्श, सीप विकास तालिम, न्यायमा पहूँच, मनोसामाजिक परामर्श र वित्तीय साक्षरता कक्षाहरु सञ्चालन गर्नका लागि जनशक्तिको आवश्यकता रहेकोले योग्य नेपाली नागरिकहरुबाट देहाय बमोजिम पदहरुमा दरखास्त आह्वान गरिएको छ ।

### तपसिल

| क.सं. | विज्ञापन नं. | पद | माग पद संख्या | दरखास्त दस्तुर | योग्यता |
|---|---|---|---|---|---|
| १ | १/०७९/०८० | कार्यक्रम संयोजक | १ (एक) | रु ५००।- ( पाँचसय) | मानविकी तथा सामाजिक संकाय, व्यवस्थापन, कानुन वा सम्बन्धित अन्य विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी ५ वर्षको कार्यानुभव, कम्तीमा २ बर्ष अधिकृत वा सो भन्दा माथिको पदमा रहि कार्य गरेको अनुभव, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ । |
| २ | २/०७९/०८० | सामाजिक परिचालन अधिकृत | १ (एक) | रु ५००।- ( पाँचसय) | न्यूनतम स्नातक तह उत्तिर्ण गरी २ वर्ष सामाजिक परिचालनको क्षेत्रमा कार्य अनुभव भएको । वैदेशिक रोजगारको अनुभव भएको र सामाजिक परिचालन सम्बन्धी तालिम लिएकोलाई प्राथमिकता दिइनेछ । |
| ३ | ३/०७९/०८० | आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता | २ (दुई) | रु ३००।- ( तिनसय) | न्यूनतम प्रवीणता प्रमाणपत्र तह वा १०+२ उत्तिर्ण गरी परामर्श कार्य वा सामाजिक परिचालनको क्षेत्रमा कम्तीमा ३ वर्षको कार्यानुभव भएको, स्थानीय भाषा जानेको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको र कानून विषयमा शैक्षिक योग्यता भएकालाई प्राथमिकता दिईनेछ । |
| ४ | ४/०७९/०८० | मनोसामाजिक परामर्शकर्ता | १ (एक) | रु ३००।- ( तिनसय) | नयाँ मनोसामाजिक परमर्शकर्ता छनौट गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत्को राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले विकास गरेको तथा स्वास्थ्य मन्त्रालयले स्वीकृत गरेको तालिम पाठ्यक्रमले तोकेको योग्यता भएको हुनुपर्नेछ । जुन निम्नानुसार छ :<br>क. मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट, स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ, मनोविज्ञान, समाजशास्त्र, सोसिएल वर्कमा स्नातक तह, बि.एड.स्वास्थ्य शिक्षा, पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको । |

गोर्ख बहादुर थापा
निमित्त प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | ख. मनोसामाजिक परामर्श सम्बन्धी तालीम प्राप्त गरी सोही क्षेत्रमा अनुभवी र महिलालाई विशेष प्राथमिकता दिईनेछ । ग. साथै सामी कार्यक्रम अन्तर्गत् मनोसमाजिक परामर्श सम्बन्धी ६ महिना तालिम प्राप्त गरि सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा मनोसामाजिक परामर्शकर्ता भई यस अघी काम गरेको भए कम्तिमा प्रवीणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उत्तिर्ण गरेको । |
| ५ | ५/०७९/०८० | वित्तीय साक्षरता सहजकर्ता | १ (एक) | रु ३००।- ( तिनसय) | न्यूनतम प्रवीणता प्रमाण पत्र तह वा १०+२ उत्तिर्ण, प्रौढ शिक्षा वा बयस्क साक्षरता वा अध्यापनमा २ बर्षको अनुभव भएको । |
| ६ | ६/०७९/०८० | रिटर्नी स्वयंसेवक ( आंशिक) | ३ (तिन) | रु २००।- ( दुईसय) | न्यूनतम् कक्षा १० पास गरी वैदेशिक रोजगार (खाडी मुलुक र मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको । |

१. परिक्षाको किसिम : लिखित, प्रयोगात्मक र अन्तरवार्ता । विस्तृतमा देहाय बमोजिम उल्लेख गरिएको छ ।

| क्र.सं. | परिक्षाको किसिम | प्रश्न संख्या | अंकभार | जम्मा पूर्णाङ्क |
|---|---|---|---|---|
| १ | लिखित (वहुवैकल्पिक प्रश्नोत्तर) | २५ | २ | ५० |
| २ | प्रयोगात्मक (MS Word, Ms Excel & MS Power Point) | | | १५ |
| ३ | अन्तरवार्ता | | | ३५ |
| | जम्मा | | | १०० |

२. पाठ्यक्रम : (क) वैदेशिक रोजगार ऐन र नियमावली २०६४, (ख) आप्रवासी स्रोत केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८ (ग) सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९ (घ) श्रम, रोजगार, सामाजिक सुरक्षा मन्त्रालयको भूमिका (ङ) नेपालगञ्ज उप-महानगरपालिकाको परिचय, भूमिका ।

३. परिक्षा मिति : पछि तोकिनेछ,

४. कामगर्नुपर्ने स्थान : नेपालगञ्ज उप-महानगरपालिका क्षेत्र साथै सामी कार्यक्रम लागू भएका क्षेत्र,

५. करार अवधी : हालको आवश्यक्ता अनुसार आगामी मिति २०८० असार मसान्त सम्म सो पश्चात् कार्यक्रमको निरन्तरता रहेमा कार्यसम्पादन मूल्याङ्कनका आधारमा करार अवधी थप हुन सक्नेछ,

६. वि.नं. १/०७९/०८० देखि ५/०७९/०८० सम्म पुरुषको हकमा न्यूनतम १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको, महिलाको हकमा ४० वर्ष ननाघेको र वि.नं. ६/०७९/०८० को हकमा वैदेशिक रोजगारीमा (खाडी मुलक र मलेसिया) गई कम्तिमा १ वर्ष काम गरि स्वदेश फर्किएको हुनुपर्ने साथै महिला र पुरुष दुवैको न्यूनतम उमेर १८ वर्ष पुरा भई ५८ वर्ष ननाघेको ।

७. दरखास्तका साथ बुझाउनुपर्ने देहायका आवश्यक कागजातहरु उम्मेद्वार स्वयंले प्रमाणित गरी पेश गर्नुपर्नेछ :

क) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि,

ख) लब्धाङ्क पत्र र चारित्रिक प्रमाण पत्रको प्रतिलिपि,

ग) अनुभव भएमा अनुभव खुल्ने कागजात,

८. तलव तथा अन्य सुविधा : कार्यक्रमको नियमानुसार,

९. दरखास्त फारम : नेपालगञ्ज उप-महानगरपालिकाको वेभसाईटबाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

१०. दरखास्त दस्तुर : यस कार्यालयको राजस्व शाखामा नगद बुझाई सो नगदी रसिद संलग्न गरेको हुनुपर्नेछ ।

११. दरखास्त फारम बुझाउने स्थान : नेपालगञ्ज उप-महानगरपालिका, नगर कार्यपालिकाका कार्यालयको सामाजिक, गैसस तथा साझेदारी विकास शाखामा बुझाउन सकिनेछ ।

१२. दरखास्त बुझाउने अन्तिम मिति २०७९।०४।२७ गते कार्यालय समय भित्र बुझाउन सकिनेछ । आवेदन दिने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको दिन कार्यालय समय भित्र बुझाउन सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

नेपालगञ्ज उप-महानगरपालिका

गोर्ख बहादुर

निमित्त प्रमुख प्रशासकीय अधिकृत